प्रस्तावहरुः-

१.अधिवक्ता लाई सेवा परामर्शमा लिने सम्बन्धमा ।

२.कम्प्युटर अपरेटर सेवा करारमा लिने सम्बन्धमा ।

३. कार्यविधि ,निर्देशिका पारित सम्बन्धमा ।

४.नगर सभावाट विधेयक स्वीकृति सम्बन्धमा ।

५.ऐम्बुलेन्स खरिद सम्बन्धमा ।

६.नगर सभा सम्बन्धमा ।

७. संचित कोषको रकम खर्च सम्बन्धमा

८.योजना सम्पन्न सम्बन्धमा ।

९. स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकन(FRA) सम्बन्धमा ।

१०.स्वास्थ्य संस्था दर्ता अनुमति सम्बन्धमा ।

११.ENT शिविर संचालन र स्वयम सेविका स्थानीय भत्ता सम्बन्धमा ।

१ यस नगरपालिकामा कानून अधिवक्ता नहुदा नगरपालिकाको तर्फवाट न्यायिक निकायमा हुने वहस पैरवी गर्न नगरपालिकालाई आवश्यक कानून निर्माण गर्न ,नगरपालिकाको सम्पूर्ण क्रियाकलाप कानून वमोजिम हुन र गर्नका लागि रसो सम्वन्धमा आवश्यक कानूनी सल्लाह दिनका लागि अधिवक्ता आवश्यक देखिएकाले यस आ.व.को असार मसान्तसम्म प्रति महिना रु ४३,०००।– का दरले पांच महिनाको रु २१५,०००।– रकम यस कार्यलयको संचीत कोषवाट व्यहोर्ने गरि रकम विनियोजन गर्न आगामी नगर परिषदमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

२ यस नगरपालिकाको वडा कार्यालय र यस नगरपालिकाको राजश्व शाखामा कम्युटर अपरेटर नहुदा अनलाइन प्रणालीवाट राजश्व संकलन तथा घटना दर्ता हुन नसकेको हुदा समग्र नगरपालिकालाई डिजिटाइजेसन गर्न नगरपालिकामा रहेका जनशक्तिवाट नहुने देखिएकाले नगरपालिकाको राजश्व शाखामा १ जना र १२ वटा वडामा १२ जना गरि १३ जनालाई प्रति व्यक्ति रु २०,०००। का दरले २०८० असार मसान्त सम्मका लागि पारिश्रमिक दिन तेरह लाख रकम विनियोजन गर्नका लागि आगामी नगर परिषदमा लाने कम्प्युटर अपरेटर भर्नाका लागि यस अधि दरखास्त लिइएकोमा सो दरखास्तलाई समेत कायम राख्ने गरि उक्त पदका लागि दरखास्त मांग गर्ने निर्णय गरियो ।

३ नगरपालिकालाई आवश्यक देहायका कार्यविधि ,निर्देशिका सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

क) शिक्षक अनुदान तथा अन्य कर्मचारीको प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि,२०७९

ख) सेवा करारमा शिक्षक राख्ने सम्वन्धि कार्यविधि २०७९

ग) मेल मिलाप कार्यविधि २०७९

घ) आर्थिक सहायता कोष संचालन कार्यविधि,२०७९

ङ) कार्य संचालन निर्देशिका ,२०७९

च) सुशासन तथा स्थानीय सेवा समिति कार्यविधि,२०७९

छ ऐम्बुलेन्स सेवा संचालन कर्याविधि २०७८

४ नगरपालिकाका लागि आवश्यक देहायका विधेयक स्वीकृतिका लागि आगामी नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७९

ख) कृषि व्यवशाय प्रवर्दन ऐन ,२०७९

ग) अधिलेख संरक्षण ऐन,२०७९

घ) वन ऐन ,२०७९

ङ) कृषि तथा पशुपंक्षी ऐन,२०७९

च) औधोगिक व्यवशाय ऐन २०७९

छ) नगर प्रहरी ऐन २०७९

ज) भुमी ऐन २०७९

झ) पूर्वाधार विकास तथा व्यवस्थापन ऐन २०७९

ञ) सार्वजनिक नीजि साझेदारी ऐन २०७९

ट) आर्थिक कार्यविधि नियमित गर्ने ऐन २०७९

ठ) स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७९

ड) नगर विपत जोखिम न्यनिकरण तथा व्यवस्थापन ऐन,२०७९

ढ) एफ एम रेडियो व्यवस्थापन तथा संचालन ऐन २०७९

ण) शिक्षा ऐन २०७९

५ यस नगरपालिकको आ.व.२०७९।८० को १२ नं. वडास्तरीय योजनामा एम्वुलेन्स खरिदका लागि रु १३ लाख रकम विनियोजन भएको छ । एम्वुलेन्स खरिद प्रकृया अघि वढाउने क्रममा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४३९ मिति २०७९।११।२ को पत्र अनुसार उक्त एम्वुलेन्स खरिद गर्ने भन्सार छुटका लागि अर्थ मन्त्रालयवाट पुर्व अनुमति लिनु पर्ने देखिन्छ । वडा नं. १२ स्थितमा रहेको वेल्हा स्वास्थ्य चौकीका लागि एम्वुलेन्स खरिदका लागि राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ वमोजिम राजश्व छुटका लागि र एम्वुलेन्स संचालनको अनुमतिका लागि जिल्ला एम्वुलेन्स व्यवस्थापन समिति , प्रादेशिक एम्वुलेन्स व्यवस्थापन समिति र राष्टिय एम्वुलेन्स व्यवस्थापन समितिमा निवेदन दिने तथा उक्त एम्वुलेन्स खरिदका लागि आवश्यक प्रकृया अगाडी वढाउन नगरपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

६. यस नगरपालिकाको आगामी हिउदे नगर सभाको वैठक २०७९।१०।२६ गते गर्ने निर्णय गरियो ।

७.यस कार्यालयको गत विगत आ.व देखि संचित कोषमा रहेको रकम खर्च गर्नका लागि संशोधित विनियोजन विधेयक २०७९ आगामी हिउदे नगर सभाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

८.यस नगरपालिकाको आ.व.२०७९।८० का नगर र वडास्तरिय योजनाहरु २०७९ चैत्र मसान्त सम्म सम्पन्न गरि सवै योजनाको भुक्तानी लिई सक्ने निर्णय गरियो ।

९.यस नगरपालिकाको आ.व.२०७८/०७९ मा स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकन(FRA) ५०.५ प्रतिशत नतिजा स्वीकृत गरि सो नतिजाको विवरण सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

१०.संजिवनि होस्पिटल कल्याणपुर नगरपालिका वडा नं.१० ले अस्पताल स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका बमोजिमको न्युनतम मापदण्ड पुरा गरेकोले उक्त अस्पताललाई कानून बमोजिम अस्पताल संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

११.यस नगरपालिकामा ENT शिविर संचालन गर्नका लागि रु १० लाख र मिहला स्वयम सेविकाको स्थानीय तहवाट दिने प्रोत्साहन भत्ता रकमका लागि रु १२ लाख विनियोजनका लागि नगर परिषदको बैठकमा पेश गर्ने निर्णय गरियो